अनुसूची-२

दफा ४ तथा अनूची-१ को भाग-१ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ३ मितिः २०८३/०५/१७

## भाग-१

## बर्दिवास नगरपालिका

**प्रस्तावनाः** बर्दिबास नगरपालिका क्षेत्रभित्र रहेका कुनै पनि व्यक्ति वा संघ संस्थाले २०६६ माघ २८ भन्दा अघिदेखी आबाद कमोद ,भोगचलन गर्दै आएको घरजग्गाको उचित व्यवस्थापन गर्न लगत संकलन गरी भोगाधिकारको निस्सा प्रदान गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ढ) र १०२ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गरी बर्दिबास नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

### परिच्छेद १

### प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "ऐलानी जग्गाको विवरण संकलन तथा अभिलेखीकरण र व्यवस्थापन ऐन, २०८०" रहेको छ।

(२) यो ऐन नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गरेपछि प्रारम्भ हुनेछ।

२.**परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आर्थिक ऐन" भन्नाले नगरपालिकाको आर्थिक ऐन सम्झनु पर्दछ।

(ख)"कार्यपालिका" भन्नाले बर्दिबास नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग)"नगरपालिका" भन्नाले बर्दिबास नगरपालिकालाई सम्झनु पर्दछ।

(घ) "नामसारी" भन्नाले भोगाधिकार दिएको घर/जग्गाको नामसारी सम्झनु पर्दछ।

(ङ) "निस्सा" भन्नाले भोगाधिकार प्राप्त हुने जग्गा आबाद कमोद गरिरहेका ब्यक्ति वा सस्थालाई दिइने भोगको प्रमाण सम्झनु पर्दछ।

(च)"परिवार" भन्नाले निवेदकको पति,पत्नि,बाबु,आमा र छोरा छोरी सम्झनु पर्दछ ।तर सो सब्दले कानुन बमोजिम अंशबण्डा गरी वा वडा कार्यालयबाट मानो छुट्टिएको प्रमाणित भई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

(छ) "भोगाधिकार जग्गा" भन्नाले कुनै पनि व्यक्ति वा संघ/संस्थाले २०६६ माघ २८ भन्दा अघिदेखी आबाद कमोद ,भोगचलन गर्दै आएको, जग्गाधनि दर्ता प्रमाण-पूर्जा नभएको जग्गालाई सम्झनु पर्दछ।

(ज) "सूचना प्रणाली" भन्नाले कार्यालयले ऐन बमोजिमको कार्य गर्न प्रयोगमा ल्याउने कम्प्युटर एप्लिकेशन वा सफ्टवेयर सम्झनु पर्दछ।

(झ)"शाखा" भन्नाले बर्दिबास नगरपालिकामा भूमि सम्बन्धि कार्य गर्ने भूमि शाखा सम्झनु पर्दछ।

## परिच्छेद-२ः
## लगत संकलन तथा प्रमाणिकरण

३. **लगत संकलनः** (१) भोगाधिकार जग्गा र उक्त जग्गा भोग गरिरहेका व्यक्ति वा संस्थाहरुको लगत संकलन गर्न नगरपालिकाले १५ (पन्ध्र) दिनको समयावधि राखी सुचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा वडा वा वडाको कुनै टोल तोकेर छुट्टाछुट्टै सुचना प्रकाशन गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको सूचना अनुसार सम्बन्धित व्यक्ति वा संस्थाले देहायका कागजातहरु सहित सम्बन्धित वडा कार्यालयमा अनुसूची-१(क) र अनुसूची-१(ख) बमोजिमको निवेदन दिनु पर्नेछ।

| क्र.स. | व्यक्तिको हकमा | संस्थाको हकमा |
|---|---|---|
| १ | अनुसूची-१(क) बमोजिमको निवेदन, | अनुसूची-१(ख) बमोजिमको निवेदन, |
| २ | निवेदक,पति/पत्निको फोटो । | संस्थाको छाप |
| २ | क्षेत्रफल खुलेको जग्गा र जग्गामा बनेको संरचनाहरुको विवरण, | क्षेत्रफल खुलेको जग्गा र जग्गामा बनेको संरचनाहरुको विवरण, |

| | | |
|---|---|---|
| ३ | नागरिकताको प्रतिलिपि, | दर्ता प्रमाणपत्र, भ्याट प्यान र कर चुक्ता प्रमाणपत्र |
| ४ | परिवारको सदस्य नागरिकताको प्रतिलिपि, | सञ्चालक समितिको निर्णय |
| ५ | चार किल्ला खुल्ने सधियारहरुको विवरण, | चार किल्ला खुल्ने सधियारहरुको विवरण, |
| ६ | कसैसँग खरिद गरेको भए खरिद गरेको प्रमाण, | कसैसँग खरिद गरेको भए खरिद गरेको प्रमाण, |
| ७ | जग्गा उपभोग गरिरहेको अन्य प्रमाणहरु जस्तैः (विद्युत पानीको महसुल तिरेको रसिद, स्थानिय तहले दिएको सिफारिस, घरसारको कागज वा अन्य प्रमाणहरु) | जग्गा उपभोग गरिरहेको अन्य प्रमाणहरु जस्तैः (विद्युत पानीको महसुल तिरेको रसिद, स्थानिय तहले दिएको सिफारिस, घरसारको कागज वा अन्य प्रमाणहरु) |

(४) उपदफा (३) बमोजिम वडा कार्यालयमा प्राप्त निवेदनहरु अनुसूची २ बमोजिमको ढाँचाको दर्ता किताबमा दर्ता गरी दर्ता नम्बर उपलब्ध गराउनु पर्नेछ।

**४. प्रारम्भिक सूची तयार गर्नेः** (१) वडा समितिले दफा (३) को उपदफा (४) बमोजिम दर्ता भएका निवेदनहरुको प्रारम्भिक सूची तयार गर्नुपर्नेछ।

**५. स्थलगत अनुगमनः** (१) प्रत्येक निवेदनको हकमा स्थलगत अनुगमन गरी अनुसूची ३ बमोजिमको ढाँचामा सरजमिन मुचुल्का तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको मुचुल्का वडा अध्यक्ष तथा निजले तोकेको वडा सदस्यको रोहबरमा सधिँयारहरुको उपस्थितिमा गर्नुपर्नेछ।

**६. दाबि विरोधको सूचनाः** (१) दफा ५ बमोजिमको प्रक्रिया पुरा भईसकेका निवेदकहरुको हकमा वडा कार्यालयले कम्तिमा सात दिनको समयावधि दिई अनुसूचि ४ बमोजिम दाबि विरोधको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना वडा / नगरपालिकाको सूचना पाटी, वेभसाईट र सामाजिक सञ्जालमा प्रकाशन गर्नुका साथै आवश्यकता अनुसार माईकिङ्ग समेत गर्न सकिनेछ।

(३) उपदफा (१) अनुसार सार्वजनिक भएको सुचनाको सन्दर्भमा कुनै उजुरी परेमा वडा समतिले १५ (पन्ध्र) दिन भित्र छानबिन गरी निर्णय गरेर उपदफा (४) बमोजिम विवरण नगरपालिकामा पठाउनु पर्नेछ।

(४) दाबि विरोधको म्याद समाप्त भएपश्चात उजुरी नपरेका निवेदकहरुको हकमा वडा समितिले प्रमाणित गरी अनुसूची ५ बमोजिमको ढाँचामा वडा अध्यक्षले सिफारिस गरी निवेदकहरुको सक्कलै विवरण नगरपालिकामा पठाउनु पर्नेछ।

## परिच्छेद-३
## जाँचबुझ, प्रमाणिकरण तथा निस्सा वितरण

**७. अभिलेख व्यवस्थापनः** (१) दफा ६ बमोजिम वडा समितिबाट प्रमाणिकरण भई सिफारिस भई आएका विवरणहरुलाई शाखाले वडागत रुपमा अभिलेख राख्नु पर्नेछ। सो प्रयोजनको लागि नगरपालिकाले विधुतिय सूचना प्रणालीको प्रयोग गर्न सक्नेछ।

**८. जाँचबुझ तथा प्रमाणिकरणः** (१) दफा ७ बमोजिम अभिलेखीकरण भएका विवरणलाई जाँचबुझ तथा प्रमाणीकरणको लागि निस्सा वितरण समितिमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निस्सा वितरण समिति देहायबोजिमको हुनेछ।

नगर प्रमुख - संयोजक
नगर उप प्रमुख - सदस्य
सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(३) उपदफा (१) बमोजिम पेश भएका विवरणलाई निस्सा वितरण समितिले आवश्यकता अनुसार जाँचबुझ गरी निस्सा वितरण गरिने लाभग्राहीहरुको अन्तिम नामावली स्वीकृत गर्नु पर्नेछ।

**९. निस्सा वितरणः** (१) दफा (७) बमोजिम स्वीकृत लाभग्राहीहरुलाई अनुसूची ६ बमोजिमको ढाँचामा निस्सा वितरण गर्न सकिनेछ।

## परिच्छेद-४
## लिखत सम्बन्धी व्यवस्था

**१०. राजिनामा :** (१) भोगाधिकार निस्सा प्राप्त व्यक्ति वा संस्थाले घर/जग्गाको भोगाधिकारको हक हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हक हस्तान्तरण गर्दा अनुसूची ७ बमोजिमको लिखत गर्नु पर्नेछ ।

(३) शाखाले आर्थिक ऐनमा तोकिए अनुसारको लिखत दर्ता शुल्क लिइ उपदफा (२) बमोजिमको लिखतको अभिलेख राख्नुपर्नेछ।

**११. नामसारी** :(१) भोगाधिकार निस्सा प्राप्त व्यक्तिको बेपत्ता/मृत्यु पश्चात नामसारीको लागि निवेदन माग पेश भएमा शाखाले मुलुकी देवानी संहिता, २०७४ को दफा २३९ बमोजिम हकवालाको प्राथमिकताक्रम अनुसार भोगहस्तान्तरण गरी नामसारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नामसारी गर्दा अनुसूची ८ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु गर्नुपर्नेछ ।

(३) शाखाले कार्यापालिकाले तोके अनुसारको शुल्क लिइ उपदफा (२) बमोजिमको लिखतको अभिलेख राख्नुपर्नेछ ।

**१२. अंशवण्डा** : (१) अंशवण्डाको लागि निवेदन पेश भएमा शाखाले देहाय बमोजिम अंशियारहरुबीच भोगको अंशवण्डा गर्न सक्नेछ ।

- ❖ अंशवण्डा लिखत अनुसूची ९क,
- ❖ अंश बुझेको भरपाई लिखत अनुसूची ९ख,
- ❖ अंश छोडपत्र लिखत अनुसूची ९ग।

(२) शाखाले कार्यापालिकाले तोके अनुसारको शुल्क लिइ उपदफा (१) बमोजिमको लिखतको अभिलेख राख्नुपर्नेछ ।

## परिच्छेद-५

## शुल्क तथा राजश्व

**१३. भोगाधिकार शुल्कः**(१) दफा ८ बमोजिम निस्सा प्राप्त व्यक्ति वा संस्थाले प्रत्येक आर्थिक वर्षको जेष्ठ मसान्त भित्रमा भोगाधिकार वापतको शुल्क तिर्नु पर्नेछ, भोगाधिकार शुल्क आर्थिक ऐनले निर्धारण गर्नेछ ।

(२) उप दफा (१) बमोजिमको शुल्क माघ मसान्त भित्रमा बुझाएमा सो बर्षको लाग्ने शुल्कमा पाँच प्रतिशत छुट दिइनेछ ।

(३) उप दफा (१) को म्याद नाघेपछि शुल्क बुझाएमा प्रत्येक आर्थिक बर्षको पाँच प्रतिशतको दरले जरिवाना समेत अशुल गरिनेछ।

## परिच्छेद-६

<u>बिबिध</u>

**१४.कागजातको गोप्यताः** भोगाधिकार प्राप्त हुने घर जग्गाको विवरण संकलनको क्रममा विभिन्न व्यक्ति वा संस्थाहरुबाट प्राप्त कागजात तथा अभिलेख गोप्य राखिनेछ। तर, कुनै सरकारी निकायबाट सो सम्बन्धी जानकारी माग भई आएमा उपलब्ध गराउन बाधा पर्ने छैन ।

**१५.भोगहस्तान्तरण गर्न नसकिनेः** दफा ३ बमोजिम सूचना प्रकाशित भएको मितिले ६ महिना सम्म कुनै पनि प्रकारले भोग हस्तान्तरण गर्न पाइने छैन ।

**१६.निस्सा रद्द भएको मानिनेः** भोगाधिकार दिइएको घर जग्गा कनून बमोजिम दर्ता भई जग्गा धनी दर्ता प्रमाण पुर्जा/ श्रेष्ता जारी भएमा तथा नेपाल सरकारले उक्त जग्गा कुनै व्यक्ति वा संघ संस्थाहरुलाई कानून बमोजिम लिज तथा उपयोगमा उपलब्ध गराएमा भोगाधिकार निस्सा स्वतः रद्द भएको मानिनेछ ।

**१७.दण्ड सजायः** (१) झुटा विवरण पेश गरि यस ऐन बमोजिम काम गराइएको पाइएमा वडा तथा नगरपालिकाबाट दिने सेवा सुविधाबाट बञ्चित गरिनेछ।

(२) जिम्मेवार पदाधिकारी तथा कर्मचारीले जानीजानी वा बदनियत पूर्वक यस ऐन विपरितको कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

**१८.नियम तथा कार्यविधि बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले नियम तथा कार्यविधिहरु बनाउन सक्नेछ।

**१९.संशोधन अधिकारः** यस ऐन कार्यान्वयनको शिलशिलामा कुनै अनुसूची हेरफेर तथा संशोधन गर्नु परेमा कार्यपालिकाले गर्न सक्नेछ।

**२०.बदर गर्न सक्नेः** निस्सा वितरण प्रकृयामा भूलवस कुनै त्रुटि हुन गएमा, झुठा विवरण पेश गरी वा अन्य कुनै गलत प्रकृयाबाट निस्सा वितरण,हक हस्तान्तरण,नामसारी तथा अंशवण्डा भएको ठहरिएमा उक्त निर्णयलाई कार्यपालिकाले बदर गर्न सक्नेछ ।

**२१.अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम प्राप्त अधिकार मातहतका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**२२.बाधा अड्काउ फुकाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले भूमि, मालपोत तथा अन्य प्रचलित कानूनको आधारमा व्याख्या गरि सो बाधा अड्काउ फुकाउन सक्नेछ ।

अनुसूची- १(क)

(दफा ३ को उपदफा ३ संग सम्बन्धित)
व्यक्तिको प्रयोजनको लागि

| | |
|---|---|
| दर्ता कोड नं | |
| दर्ता मिति ............/........../....... | |

श्री............. वडा कार्यालय

बर्दिवास नगरपालिका,महोत्तरी।

| परिवारमूलिको फोटो | परिवारमूलिको पति/पत्नीको फोटो |
|---|---|

**विषयः- भोगाधिकारको निस्सा पाउँ।**

म र मेरो परिवारले बर्दिबास नगरपालिका......... नं. वडामा २०६६ साल माघ २८ गते अघिदेखी आबाद कमोत हुँदै आएको तपसिल बमोजिमको घर/जग्गामा भोग गरिरहेकोले भोगाधिकार निस्सा पाउन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु।

१.परिवारमूलिको विवरण

| | |
|---|---|
| परिवारमूलीको नाम,थर | नागरिकता प्र..प.नं. |
| नागरिकता जारी जिल्ला/जारी मिति | मतदाता नं. |
| राष्ट्रिय परिचय पत्र नं. | |
| बाबुको नाम,थर | आमाको नाम,थर |
| बाजे/ससुराको नाम,थर | |
| स्थायी ठेगाना | |
| जिल्ला | गा.पा./न.पा. |
| वडा नं. | टोल |
| मोवाइल नं. | |

२. पारिवारिक विवरण

खण्डः ९ संख्याः ३ मितिः २०८३/०५/१७

| क्र.स. | नाम,थर | ना.प्र.नं. | जारी मिति/जिल्ला | लिङ्ग | परिवारमूलिसंगको नाता |
|---|---|---|---|---|---|
| | | | | | परिवारमूलि आफै |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

लुम्बिनी प्रदेश राजपत्र

३.घर/जग्गाको विवरण

| क्र.स. | वडा नं. | टोल/गाउँ | अनुमानित क्षेत्रफल | | | | प्रकार | | उपभोगको प्रमाण | घरको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विघा | कठ्ठा | धुर | कन्वा | बसोबास | कृषि | | कच्चि | पक्कि | तला | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**उपभोगको प्रमाणको** आधार: १.विद्युत/पानीको महशुल तिरेको रसिद, २. वडा कार्यालयको सिफारिस ३. घरसारको कागज ४.अन्य ........................................................ (उल्लेख गर्नुहोस)

**४.मैले माथि उल्लेखित गरेको व्यहोरा ठिक साँचो हो । झुठ्ठा ठहरिएमा कानून बमोजिम सहूँला बुझाउँला ।**

| औंठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

भवदीय

परिवारमूलीको दस्तखत

मिति................/........./............

| <u>रुजु गर्ने कर्मचारी</u> | | <u>प्रमाणित गर्ने वडा अध्यक्ष वा निजले तोकेको सदस्य</u> |
| --- | --- | --- |
| **नाम थर:** | | **नाम थर:** |
| **पद:** | | **पद:** |
| **दस्तखत:** | | **दस्तखत:** |
| **मिति:** | | **मिति:** |

<u>आवश्यक कागजातहरु</u>

क्षेत्रफल खुलेको जग्गा र जग्गामा बनेको संरचनाहरुको विवरण,
नागरिकताको प्रतिलिपि,
परिवारको सदस्य नागरिकताको प्रतिलिपि,
चार किल्ला खुल्ने सधियारहरुको विवरण,
कसैसँग खरिद गरेको भए खरिद गरेको प्रमाण,
जग्गा उपभोग गरिरहेको अन्य प्रमाणहरु जस्तैः (विद्युत पानीको महसुल तिरेको रसिद, स्थानिय तहले दिएको सिफारिस, घरसारको कागज वा अन्य प्रमाणहरु)

**अनुसूची- १(ख)**
**(दफा ३ को उपदफा ३ संग सम्बन्धित)**
**संस्थाको प्रयोजनको लागि**

दर्ता कोड नं
दर्ता मिति ............/........../.......

कार्यालको छाप

**श्री............. वडा कार्यालय**

**बर्दिवास नगरपालिका,महोत्तरी।**

**विषय:- भोगाधिकारको निस्सा पाउँ।**

यस संस्था/कार्यालयले बर्दिबास नगरपालिका......... नं. वडामा २०६६ साल माघ २८ गते अघिदेखी आबाद कमोत हुँदै आएको तपसिल बमोजिमको घर/जग्गामा भोग गरिरहेकोले भोगाधिकार निस्सा पाउन देहाय बमोजिमको बिवरण सहित यो निवेदन पेश गरेको छु।

**१. संस्था/कार्यालयको विवरण**

| | |
|---|---|
| संस्था/कार्यालयको नाम: | |
| दर्ता नं | भ्याट/प्यान नं । |
| स्थायी ठेगाना | |
| जिल्ला | गा.पा./न.पा. |
| वडा नं. | टोल |
| मोवाइल नं. | |

**२. सञ्चालक समितिको विवरण**

| **क्र.स.** | **नाम,थर** | **ना.प्र.नं.** | **जारी मिति/जिल्ला** | **लिङ्ग** | **पद** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

३.घर/जग्गाको विवरण

| क्र.स. | वडा नं. | टोल/गाउँ | अनुमानित क्षेत्रफल | | | | प्रकार | | उपभोगको प्रमाण | घरको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विघा | कठ्ठा | धुर | कन्वा | बसोबास | कृषि | | कच्चि | पक्कि | तला | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**उपभोगको प्रमाणको** आधार: १.विद्युत/पानीको महशुल तिरेको रसिद, २. वडा कार्यालयको सिफारिस ३. घरसारको कागज ४.अन्य ........................................................ (उल्लेख गर्नुहोस)

**४.मैले माथि उल्लेखित गरेको व्यहोरा ठिक साँचो हो । झुठ्ठा ठहरिएमा कानून बमोजिम सहूँला बुझाउँला ।**

| औंठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

भवदीय
नाम थर
पद
दस्तखत
मिति................/........./............

| **रुजु गर्ने कर्मचारी** | **प्रमाणित गर्ने वडा अध्यक्ष वा निजले तोकेको सदस्य** |
|---|---|
| **नाम थर:** | **नाम थर:** |
| **पद:** | **पद:** |
| **दस्तखत:** | **दस्तखत:** |
| **मिति:** | **मिति:** |

आवश्यक कागजातहरु
क्षेत्रफल खुलेको जग्गा र जग्गामा बनेको संरचनाहरुको विवरण,
दर्ता प्रमाणपत्र, भ्याट प्यान र कर चुक्ता प्रमाणपत्र
सञ्चालक समितिको निर्णय
चार किल्ला खुल्ने सधियारहरुको विवरण,
कसैसँग खरिद गरेको भए खरिद गरेको प्रमाण,

जग्गा उपभोग गरिरहेको अन्य प्रमाणहरु जस्तैः (विद्युत पानीको महसुल तिरेको रसिद, स्थानिय तहले दिएको सिफारिस, घरसारको कागज वा अन्य प्रमाणहरु

**अनुसूची- २**

**(दफा ३ को उपदफा ४ संग सम्बन्धित)**

<u>दर्ता किताब</u>

| क्र.स. | दर्ता नं | दर्ता मिति | निवेदकको नाम थर | ना.प्र.न. | जग्गाको क्षेत्रफल (कित्ता अनुसार छुट्टा छुट्टै उल्लेख गर्ने) | जग्गा भएको टोलको नाम | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोटः दर्ता नं लेख्दा दुई अङ्कको वडा नम्बर चार अङ्कको कोड नम्बर लेख्ने (जस्तै वडा नं ३ को पहिलो दर्ता नं को लागि ०३०००१)

बुद्धभूमि नगरपालिका

अनुसूची- ३

(दफा ५ संग सम्बन्धित)

**स्थलगत सर्जमिन मुचुल्का**

बर्दिबास नगरपालिकाको वडा नं ........को ....... .......................................... टोलमा भोग गरेको जग्गाको अभिलेख तथा निस्सा उपलब्ध गराउने प्रयोजनको लागि म निवेदक ....... ........................................ ....... ........................................ ले भोग गरिरहेको जग्गा मिति २०६६ साल माघ २८ भन्दा अघिदेखिनै आवाद कमोद हुदै आएकोले म निवेदक र देहाय बमोजिमका संधियारहरुले देखाए अनुसार र वडा समितिका पदाधिकारी श्री ....... ........................................ ....... ........................................ को रोहबरमा तयार गरिएको तपसिल बमोजिमको विवरण ठिक साँचो हो भनी यो मुचुल्कामा सही छाप गरि दिएँ/दियौं ।

| चौहदी | संधियारको नाम थर | सम्पर्क नं | दस्तखत | मिति |
|---|---|---|---|---|
| पुर्व तर्फ | | | | |
| पश्चिम तर्फ | | | | |
| उत्तर तर्फ | | | | |
| दक्षिण तर्फ | | | | |

जग्गाको अनुमानित स्केच तथा क्षेत्रफल

पुर्व तर्फ: ....... ............फिट/मिटर

पश्चिम तर्फ: ....... ............फिट/मिटर

उत्तर तर्फ: ....... ............फिट/मिटर

दक्षिण तर्फ: ....... ............फिट/मिटर

**घर तथा संरचनाको विवरण**

| क्र. स. | प्रकार(कच्चि/ पक्की) | तला |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

निवेदकको दस्तखत/छाप ........................................ मोवाइल नं ........................................ ....... ..........

वडा समितिका पदाधिकारी श्री ........................................ .......
............................दस्तखत........................................

साक्षी

१........................................ ....... ........................................ दस्तखत........................................ .......

२........................................ ....... ........................................ दस्तखत........................................ .......

३........................................ ....... ........................................ दस्तखत........................................ .......

इति सम्बत........................... साल .......................... महिना ..........................गते ............. रोज शुभम्

अनुसूची- ४

(दफा ६ संग सम्बन्धित)

हकदाबी गर्ने सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

प्रस्तुत विषयमा मिति......................................गते बर्दिबास नगरपालिकाले प्रकाशित सूचना अनुसार मिति.....................देखी ........................सम्म वडा नं.............मा दर्ता भएका निवेदनहरु उपर स्थलगत सर्जमिन गरी भोगाधिकार निस्सा उपलब्ध गराउने सम्बन्धमा तपसिल बमोजिमको विवरण उपर कसैको कुनै हकदाबी वा उजुर/बाजुर भए सो को प्रमाण सहित वडा कार्यालयमा ७ (सात) दिन भित्र लिखित निवेदन दिनुहुन जानकारी गराइन्छ।सो अवधिभित्र कुनै पनि निवेदन पर्न नआएमा यसै बमोजिम भोगाधिकार निस्सा उपलब्ध गराइने व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ।

| क्र.स. | निवेदक/संस्थाको नाम,थर | वडा नं. | क्षेत्रफल | चारकिल्ला | | | | गाउँ/टोल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मितिः

वडा अध्यक्षको हस्ताक्षर

बर्दिबास नगरपालिका

अनुसूची- ५

(दफा ६ को उपदफा (४) संग सम्बन्धित)

निस्सा वितरणको लागि वडा कार्यालयले पठाउने सिफारिसको ढाँचा

प्रस्तुत विषयमा वडा नं.............मा दर्ता भएका निवेदनहरु उपर मिति.....................देखी .......................सम्म हकदाबी वा उजुर/बाजुर भए सो को प्रमाण सहित वडा कार्यालयमा ७ (सात) दिन भित्र लिखित निवेदन दिनुहुन भनी सूचना प्रकाशित गरिएकोमा उक्त अवधिभित्र कुनै पनि दाबी विरोध तथा उजुर/बाजुर पर्न नआएको तथा प्राप्त निवेदनहरू सम्बन्धमा यस वडा समितिको मिति ................. मा बसेको बैठकबाट तपसिल बमोजिमका निवेदकहरूलाई भोगाधिकार निस्सा वितरणका लागि प्रकृया अघि बढाउन सम्बन्धित सक्कल फाइलहरू नगरपालिकामा पठाउने निर्णय भएको हुँदा भोगाधिकार निस्सा उपलब्ध गराइदिनुहुन सिफारिस साथ अनुरोध छ।

| क्र.स. | निवेदक/संस्थाको नाम,थर | वडा नं. | क्षेत्रफल | चारकिल्ला | | | | गाउँ/टोल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मितिः

वडा अध्यक्षको हस्ताक्षर

अनुसूची- ६

**(दफा ९ संग सम्बन्धित)**

**भोगाधिकार निस्साको ढाँचा**

## बर्दिबास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बर्दिबास,महोत्तरी

दर्ता नं./संकेत नं.:-......................

| औंठा छाप | |
|---|---|
| दाँया | बायाँ |

| घरमूलिको फोटो | पति/पत्निको फोटो |
|---|---|

## भोगाधिकार निस्सा
(ऐलानी जग्गाको लागि)

भोगचलन गर्नेको नाम थर (देवनागरीमा)..........................................................(अग्रेजीमा)..........................................

ठेगानाः महोत्तरी जिल्ला बर्दिबास नगरपालिका वडा नं...................

बाबुको नामः...............................................................................

बाजेको नामः...............................................................................

पति/पत्नीको नामः........................................................................

नागरिकता नं. .......................................................जारी जिल्लाः..........................................................जारी मितिः..........................................

जग्गाको विवरण :-

| क.स. | जग्गा भएको स्थान | | जग्गाको क्षेत्रफल | | जग्गाको प्रकृति (आवास र कृषि) | अभिलेख नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | वडा नं. | गाउँ/टोल | बि.क.धु. | बर्ग मि. | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**नोटः-** यो निस्सा मालिकाना हकको प्रमाण-पत्र होइन। बर्दिवास नगरपालिकाले व्यक्तिले लामो समयदेखि भोगचलन गर्दै आएको आधारमा बसोवास/भोगचलनको प्रमाणका लागि उपलब्ध गराएको हो।

.......................................
वडा अध्यक्षको दस्तखत

प्रिन्ट मितिः-................/......../......

.................................
नगर प्रमुखको दस्तखत

अनुसूची- ७

**(दफा १० संग सम्बन्धित)**

**राजिनामा लिखत ढाँचा**

बिषयः राजिनामा।

लिखितम् तपाईसंग मैले/हामीले रू ..... (अक्षरेपी .......... घरसार/अड्डामा लिई सकेकाले अरू कसैको हक नलाग्ने कुनै व्यहोराले रोक्का नरहेको मेरो/हाम्रो मात्र हक भोगको यसअघि अरू कसैलाई कुनै व्यहोराले लिखत गरी नदिएको देहाय बमोजिमको अचल सम्पत्ती तपाई श्री ......लाई आजैका मितिदेखि हकभोग गर्न पाउने गरी ........मा बसी यो राजीनामाको लिखत गरी दिएको छु/छौं। कुनै व्यहोराले कच्चा ठहरेमा प्रचलित कानून बमोजिम सांवा र व्याज असुल उपर गरी लिनुहोला भनी आफ्नो राजीखुशीले यो लिखत लेखी लेखाई ल्याप्चे सहीछाप, दस्तखत तथा सनाखत गरिदिए/दियौं। साक्षी/रोहवर सदर।

**बिक्रीकर्ताको विवरण**

| | | | |
|---|---|---|---|
| नाम, थर (देवनागरिकमा):- | नाम,थर(अङ्ग्रेजीमा):- | जन्म मितिः- | दस्तखतः-.......................... |
| **ठेगानाः-** | | लिङ्गः- | |
| नागरिकता नं. र जारी मितिः- | नागरिकता जारी भएको जिल्ला | जग्गाधनी सङ्केत नं.:-<br>मोबाईल नम्बरः.............. | दायाँ / बायाँ |
| पति/पत्नीको नामः-<br>ससुराको नामः- | बाबुको नामः-<br>आमाको नामः- | बाजेकोनामः-<br>बजैको नामः- | |

**खरिदकर्ताको विवरण**

| | | | |
|---|---|---|---|
| नाम, थर (देवनागरिकमा):- | नाम,थर(अङ्ग्रेजीमा):- | जन्म मितिः- | दस्तखतः-.......................... |
| **ठेगानाः-** | | लिङ्गः- | |
| नागरिकता नं. र जारी मितिः- | नागरिकता जारी भएको जिल्ला | जग्गाधनी सङ्केत नं.:-<br>मोबाईल नम्बरः.............. | दायाँ / बायाँ |
| पति/पत्नीको नामः-<br>ससुराको नामः- | बाबुको नामः-<br>आमाको नामः- | बाजेकोनामः-<br>बजैको नामः- | |

खण्ड: ९ संख्या: ३ मिति: २०८३/०५/१७

| | | | |
|---|---|---|---|

**जग्गाको विवरण:-**

| जग्गाको विवरण:- | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | वडा नं. | गाउँ/टोल | कित्ता नम्बर | | जग्गाको क्षेत्रफल | | कित्ताकाट भए | | चार किल्लाको विवरण | | | | कैफियत |
| | | | हालको कित्ता नम्बर | साविक कित्ता नम्बर | बि.क.धु. | वर्ग मि. | तर्फ | साविक क्षेत्रफल | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

| मुल्याङ्कन विवरण | | | | |
|---|---|---|---|---|
| क.स. | घर जग्गाको मूल्य (अंकमा) | | रसिद नं. | रसिद रकम |
| | जग्गा बिक्रि मूल्य | घर बिक्रि मूल्य | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**संलग्न प्रमाणहरु**

१. वडाले दिएको घरबाटो तथा हक हस्तान्तरणको सिफारिस पत्र
२. चालु .............आ.व. को भोगाधिकार शुल्क तिरेको रसिदको प्रतिलिपी थान
३. भोगाधिकार निस्साको प्रतिलिपी
४. लिखत गरिदिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
५. लिखत गरी लिनेको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
६. करचुक्ता प्रमाणपत्रको प्रतिलिपी (संस्थाको हकमा)
७. अन्य आवश्यक प्रमाण..................................

कार्यालय प्रयोजनको लागि

लेखिए बमोजिम अभिलेख कायम छ ☐ छैन ☐

लेखिएको जग्गाको न्यूनतम मुल्याङ्कन रु.........................................हुने देखिन्छ।

कर्मचारीको नाम,थरः........................................................पदः ...............................

दस्तखतः.......................................मितिः......................................

अनुसूची- ८

(दफा ११ संग सम्बन्धित)

नामसारी ढाँचा

श्रीमान् नगर प्रमुख ज्यू,

बर्दिबास नगरपालिका, महोत्तरी ।

विषयः- नामसारी गरी जग्गाको भोगाधिकार निस्सा पाऊँ।

उपर्युक्त सम्बन्धमा यस कार्यालयमा मेरा/हाम्रा ...................................................... को नाममा घर जग्गाको भोगाधिकार निस्सा कायम रहेकोमा निजको मिति .................................................. गतेमा मृत्यु भएको / मिति .................................................. देखि नै बेपत्ता भई निजको खोजतलास गर्दा समेत फेला पार्न नसकिएको एवम् कहाँ रहेका भनि थाहाहुन नसकेको र मुलुकी देवानी संहिता, २०७४ को दफा २३९ ..................................नं. बमोजिम म /हामी मात्र हकदार भएकोले निजको नाममा भोगाधिकार कायम भएको उल्लेखित जग्गा/घरजग्गा मेरो / हाम्रो नाममा एकलौटी / संयुक्त नामसारी गरी पाउनका लागि देहाय बमोजिमका कागजातहरू संलग्न राखी यो निवेदन पेश गरेको छु /छौं। माथि उल्लेखित व्यहोरा ठिक साँचो हो । झुठ्ठा ठहरिएमा कानून बमोजिम सहूँला बुझाउँला । सरजमिन लगायत जो जे बुझ्नु पर्ने बुझी सो को आधारमा मेरो/हाम्रो नाममा एकलौटी/संयुक्त नामसारी गरी पाऊँ।

जग्गाको विवरण

| | | | |
|---|---|---|---|
| नाम, थर (देवनागरिकमा):- | नाम,थर(अङ्ग्रेजीमा):- | जन्म मिति:- | दस्तखत:-........................... |

स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| | | | |
| **ठेगानाः-** | | लिङ्गः- | |
| नागरिकता नं. र जारी मितिः- | नागरिकता जारी भएको जिल्ला | जग्गाधनी सङ्केत नं.ः-<br>मोबाईल नम्बरः............... | |
| पति/पत्नीको नामः-<br><br>ससुराको नामः- | बाबुको नामः-<br>आमाको नामः- | बाजेकोनामः-<br>बजैको नामः- | |

नेपाल राजपत्र

| जग्गाको विवरणः- | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | वडा नं. | गाउँ/टोल | कित्ता नम्बर | | जग्गाको क्षेत्रफल | | कित्ताकाट भए | | चार किल्लाको विवरण | | | | कैफियत |
| | | | हालको कित्ता नम्बर | साविक कित्ता नम्बर | बि.क.धु. | वर्ग मि. | तर्फ | साविक क्षेत्रफल | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

| | | | |
|---|---|---|---|
| नाम, थर (देवनागरिकमा):- | नाम,थर(अङ्ग्रेजीमा):- | जन्म मितिः- | दस्तखतः-......................... |
| **ठेगानाः-** | | लिङ्गः- | |
| नागरिकता नं. र जारी मितिः- | नागरिकता जारी भएको जिल्ला | जग्गाधनी सङ्केत नं.:-<br>मोबाईल नम्बरः............... | दायाँ / बायाँ |
| पति/पत्नीको नामः-<br>ससुराको नामः- | बाबुको नामः-<br>आमाको नामः- | बाजेकोनामः-<br>बजैको नामः- | |

<u>संलग्न प्रमाणहरु</u>

१. वडाले दिएको नामसारीको सिफारिस पत्र,
२. चालु .............आ.व. को भोगाधिकार शुल्क तिरेको रसिदको प्रतिलिपी थान,
३. भोगाधिकार निस्साको प्रतिलिपी,
४. कहवालाहरुको नागरिकताको प्रतिलिपि,
५. मृत्यु दर्ताको प्रमाणपत्र/अदालतबाट जारी बेपत्ते प्रमाणपत्र,
६. करचुक्ता प्रमाणपत्रको प्रतिलिपी (संस्थाको हकमा),
७. नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि
८. अन्य आवश्यक प्रमाण.................................,

अनुसूची- ९क
(दफा १२ संग सम्बन्धित)
**अंशबण्डा ढाँचा**

विषय :- अंशबण्डा ।

लिखितम हामी अंशियारहरुको हक भोग भएको यसअघि अरु कसैलाई लिखत गरि नदिएको मूल्य रु................................ अक्षेरुपि................................ पर्ने सम्पत्ति देहाय बमोजिम बण्डा गर्न हामी सबै अंशियारको मञ्जुरी भएको तथा लिखतमा लेखिएको बाहेक अन्य अंशियार समेत नभएको हुँदा आफ्नो अंशभागमा परेको जग्गा / घरजग्गाको आ-आफ्नो नाममा अभिलेख कायम गरि **भोगाधिकारको निस्सा उपलब्ध गराईदिनुहुन** आजैका मिति देखि आफू आफूले भोगचलन गर्ने गरी हाम्रो मनोमान राजीखुशीले देहायका साक्षीहरूको रोहवरमा बर्दिबास नगरपालिकाको कार्यालय मा बसी यो अंशबण्डाको लिखत लेखी लेखाई ल्याप्चे सहीछाप, दस्तखत तथा सनाखत समेत गरी लियौं दियौं।

**मूल अंशियार**

<table>
<tr><td>नाम, थर (देवनागरिकमा):-</td><td>नाम,थर(अङ्ग्रेजीमा):-</td><td>जन्म मितिः-</td><td rowspan="4">दस्तखतः-..........................<br><br>दायाँ | बायाँ</td></tr>
<tr><td colspan="2">ठेगाना:-</td><td>लिङ्गः-</td></tr>
<tr><td>नागरिकता नं. र जारी मितिः-</td><td>नागरिकता जारी भएको जिल्ला</td><td>जग्गाधनी सङ्केत नं.:-<br>मोबाईल नम्बरः..............</td></tr>
<tr><td>पति/पत्नीको नामः-<br><br>ससुराको नामः-</td><td>बाबुको नामः-<br>आमाको नामः-</td><td>बाजेकोनामः-<br>बजैको नामः-</td></tr>
</table>

**अंशियार**

<table>
<tr><td>नाम, थर (देवनागरिकमा):-</td><td>नाम,थर(अङ्ग्रेजीमा):-</td><td>जन्म मितिः-</td><td rowspan="4">दस्तखतः-..........................<br><br>दायाँ | बायाँ</td></tr>
<tr><td colspan="2">ठेगाना:-</td><td>लिङ्गः-</td></tr>
<tr><td>नागरिकता नं. र जारी मितिः-</td><td>नागरिकता जारी भएको जिल्ला</td><td>जग्गाधनी सङ्केत नं.:-<br>मोबाईल नम्बरः..............</td></tr>
<tr><td>पति/पत्नीको नामः-<br><br>ससुराको नामः-</td><td>बाबुको नामः-<br>आमाको नामः-</td><td>बाजेकोनामः-<br>बजैको नामः-</td></tr>
</table>

खण्डः ९ संख्याः ३ मितिः २०८३/०५/१७

<u>अंशियार</u>

<table>
<tr><td>नाम, थर (देवनागरिकमा):-</td><td>नाम,थर(अङ्ग्रेजीमा):-</td><td>जन्म मिति:-</td><td rowspan="4">दस्तखत:-..........................<br><table><tr><td><br><br><br>दायाँ</td><td><br><br><br>बायाँ</td></tr></table></td></tr>
<tr><td colspan="2">ठेगाना:-</td><td>लिङ्ग:-</td></tr>
<tr><td>नागरिकता नं. र जारी मिति:-</td><td>नागरिकता जारी भएको जिल्ला</td><td>जग्गाधनी सङ्केत नं.:-<br>मोबाईल नम्बर:..............</td></tr>
<tr><td>पति/पत्नीको नामः-<br><br>ससुराको नामः-</td><td>बाबुको नामः-<br>आमाको नामः-</td><td>बाजेकोनामः-<br>बजैको नामः-</td></tr>
</table>

<u>अंशियार</u>

<table>
<tr><td>नाम, थर (देवनागरिकमा):-</td><td>नाम,थर(अङ्ग्रेजीमा):-</td><td>जन्म मिति:-</td><td rowspan="4">दस्तखत:-..........................<br><table><tr><td><br><br><br>दायाँ</td><td><br><br><br>बायाँ</td></tr></table></td></tr>
<tr><td colspan="2">ठेगाना:-</td><td>लिङ्ग:-</td></tr>
<tr><td>नागरिकता नं. र जारी मिति:-</td><td>नागरिकता जारी भएको जिल्ला</td><td>जग्गाधनी सङ्केत नं.:-<br>मोबाईल नम्बर:..............</td></tr>
<tr><td>पति/पत्नीको नामः-<br><br>ससुराको नामः-</td><td>बाबुको नामः-<br>आमाको नामः-</td><td>बाजेकोनामः-<br>बजैको नामः-</td></tr>
</table>

<u>अंशवण्डा हुने जग्गा/घर जग्गाको विवरण</u>

<u>क........................ को अंश भागमा परेको अचल सम्पत्तीको विवरण ।</u>

| क.स. | वडा नं. | गाउँ/टोल | कित्ता नम्बर | | जग्गाको क्षेत्रफल | | कित्ताकाट भए | | चार किल्लाको विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हालको कित्ता नम्बर | साविक कित्ता नम्बर | बि.क.धु. | बर्ग मि. | तर्फ | साविक क्षेत्रफल | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

खण्डः ९ संख्याः ३ मितिः २०८३/०५/१७

ख........................ को अंश भागमा परेको अचल सम्पत्तीको विवरण ।

| क.स. | वडा नं. | गाउँ/टोल | कित्ता नम्बर | | जग्गाको क्षेत्रफल | | कित्ताकाट भए | | चार किल्लाको विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हालको कित्ता नम्बर | साविक कित्ता नम्बर | बि.क.धु. | वर्ग मि. | तर्फ | साविक क्षेत्रफल | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

ग........................ को अंश भागमा परेको अचल सम्पत्तीको विवरण ।

| क.स. | वडा नं. | गाउँ/टोल | कित्ता नम्बर | | जग्गाको क्षेत्रफल | | कित्ताकाट भए | | चार किल्लाको विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हालको कित्ता नम्बर | साविक कित्ता नम्बर | बि.क.धु. | वर्ग मि. | तर्फ | साविक क्षेत्रफल | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

संलग्न प्रमाणहरु

१. चालु .............आ.व. को भोगाधिकार शुल्क तिरेको रसिदको प्रतिलिपी थान,
२. भोगाधिकार निस्साको प्रतिलिपी,
३. वडाले दिएको अंशवण्डाको सिफारिस पत्र,
४. अंशियार सवैको नगरिकताको प्रतिलिपि,
५. करचुक्ता प्रमाणपत्रको प्रतिलिपी (संस्थाको हकमा),
६. अन्य आवश्यक प्रमाण..................................,

अनुसूची- ९ख
(दफा १२ संग सम्बन्धित)
**अंश बुझाएको भरपाई ढाँचा**

विषय :- अंश बुझाएको भरपाई ।

लिखितम् हामी अंशियारहरूको हक भोग भएको यसअघि अरू कसैलाई लिखत गरी नदिएको मूल्य रू..... .अक्षरेपि.. पर्ने सम्पत्ति मध्ये देहाय बमोजिम अंश भर्पाई गर्न म/हामी अंशियारको हकलाग्ने जति लिखतमा लेखिएको अन्य अंशियारको हक यथावत मूल अंशियारसँग रहने गरी मेरो/हाम्रो अंशभागमा परेको जग्गा / घरजग्गा आ-आफ्नो नाममा दाखिल खारिज दर्ता गराई आजैका मिति देखि आफू आफूले भोगचलन गर्ने गरी हाम्रो मनोमान राजीखुशीले देहायका साक्षीहरूको रोहवरमा **भोगाधिकारको निस्सा उपलब्ध गराइदिनुहुन** भनि बर्दिबास नगरपालिकामा बसी यो अंशभर्पाइको लिखत लेखी लेखाई ल्याप्चे सहीछाप, दस्तखत तथा सनाखत समेत गरी लियाँ दियौं।

**मूल अंशियार(अंश पछि मुल अंसियारको साथमा बस्ने अंशियारको नाम)**

| | | | |
|---|---|---|---|
| नाम, थर (देवनागरिकमा):- | नाम,थर(अङ्ग्रेजीमा):- | जन्म मितिः- | दस्तखतः-........................... |
| **ठेगाना:-** | | लिङ्गः- | |
| नागरिकता नं. र जारी मितिः- | नागरिकता जारी भएको जिल्ला | जग्गाधनी सङ्केत नं.:-<br>मोबाईल नम्बरः.............. | |
| पति/पत्नीको नामः-<br><br>ससुराको नामः- | बाबुको नामः-<br>आमाको नामः- | बाजेकोनामः-<br>बजैको नामः- | दायाँ \| बायाँ |

**अंश भरपाई लिने अंशियारको नाम**

| | | | |
|---|---|---|---|
| नाम, थर (देवनागरिकमा):- | नाम,थर(अङ्ग्रेजीमा):- | जन्म मितिः- | दस्तखतः-........................... |
| **ठेगाना:-** | | लिङ्गः- | |
| नागरिकता नं. र जारी मितिः- | नागरिकता जारी भएको जिल्ला | जग्गाधनी सङ्केत नं.:-<br>मोबाईल नम्बरः.............. | |
| पति/पत्नीको नामः-<br><br>ससुराको नामः- | बाबुको नामः-<br>आमाको नामः- | बाजेकोनामः-<br>बजैको नामः- | दायाँ \| बायाँ |

खण्ड: ९ संख्या: ३ मिति: २०८३/०५/१७

**अंशियार**

| नाम, थर (देवनागरिकमा):- | नाम,थर(अङ्ग्रेजीमा):- | जन्म मिति:- | दस्तखत:-.......................... |
|---|---|---|---|
| ठेगाना:- | | लिङ्ग:- | |
| नागरिकता नं. र जारी मिति:- | नागरिकता जारी भएको जिल्ला | जग्गाधनी सङ्केत नं.:-<br>मोबाईल नम्बर:.............. | दायाँ / बायाँ |
| पति/पत्नीको नाम:-<br>ससुराको नाम:- | बाबुको नाम:-<br>आमाको नाम:- | बाजेकोनाम:-<br>बजैको नाम:- | |

**अंशियार**

| नाम, थर (देवनागरिकमा):- | नाम,थर(अङ्ग्रेजीमा):- | जन्म मिति:- | दस्तखत:-.......................... |
|---|---|---|---|
| ठेगाना:- | | लिङ्ग:- | |
| नागरिकता नं. र जारी मिति:- | नागरिकता जारी भएको जिल्ला | जग्गाधनी सङ्केत नं.:-<br>मोबाईल नम्बर:.............. | दायाँ / बायाँ |
| पति/पत्नीको नाम:-<br>ससुराको नाम:- | बाबुको नाम:-<br>आमाको नाम:- | बाजेकोनाम:-<br>बजैको नाम:- | |

**अंशवण्डा हुने जग्गा/घर जग्गाको विवरण**

**क.अंश भरपाई लिनेको अंश भागमा परेको अचल सम्पत्तीको विवरण ।**

| क.स. | वडा नं. | गाउँ/टोल | कित्ता नम्बर | | जग्गाको क्षेत्रफल | | कित्ताकाट भए | | चार किल्लाको विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हालको कित्ता नम्बर | साविक कित्ता नम्बर | बि.क.धु. | बर्ग मि. | तर्फ | साविक क्षेत्रफल | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**संलग्न प्रमाणहरु**

वडाले दिएको अंशभरपाइको सिफारिस पत्र,

चालु .............आ.व. को भोगाधिकार शुल्क तिरेको रसिदको प्रतिलिपी थान,

भोगाधिकार निस्साको प्रतिलिपी,

अंशियार सवैको नगरिकताको प्रतिलिपि,

करचुक्ता प्रमाणपत्रको प्रतिलिपी (संस्थाको हकमा),

अन्य आवश्यक प्रमाण.................................,

**अनुसूची- ९ग**
**(दफा १२ संग सम्बन्धित)**
**अंश छोडपत्रको ढाँचा**

विषय :- अंश छोडपत्र ।

लिखितम् हामी अंशियारहरूको हक भोग भएको यसअघि अरू कसैलाई लिखत गरी नदिएको मूल्य रू..... अक्षरुपी....................... पर्ने सम्पत्ति मध्ये मेरो अंश भागमा पर्ने देहायको घरजग्गा बाँकी सबै अंशियारले अंशबण्डा गरी समानरुपमा भोग चलन गर्न पाउने गरी मेरो अंशभागमा पर्ने जति अंशियारमध्येका श्री................................................ले पाउने गरी हाम्रो मनोमान राजीखुशीले देहायका साक्षीहरुको रोहवरमा बर्दिबास नगरपालिकामा बसी यो अंशछोडपत्र को लिखत लेखी लेखाई ल्याप्चे सहीछाप, दस्तखत तथा सनाखत समेत गरी लियौं/दियौं। भविष्यमा कुनै कारणले मैले/हामिले अंशपाएको छैन भनी दाबी गरेमा यसै लिखत बमोजिम मेरो/हाम्रो माग दाबी बदर भएमा मञ्जुर गर्दछु/गर्दछौ।

**मूल अंशियार**

| | | | |
|---|---|---|---|
| नाम, थर (देवनागरिकमा)ः- | नाम,थर(अङ्ग्रेजीमा)ः- | जन्म मितिः- | दस्तखतः-.......................... |
| **ठेगानाः-** | | लिङ्गः- | |
| नागरिकता नं. र जारी मितिः- | नागरिकता जारी भएको जिल्ला | जग्गाधनी सङ्केत नं.ः-<br>मोबाईल नम्बरः.............. | दायाँ / बायाँ |
| पति/पत्नीको नामः-<br>ससुराको नामः- | बाबुको नामः-<br>आमाको नामः- | बाजेकोनामः-<br>बजैको नामः- | |

**अंश छोडपत्र दिने अंशियारको नाम**

| | | | |
|---|---|---|---|
| नाम, थर (देवनागरिकमा)ः- | नाम,थर(अङ्ग्रेजीमा)ः- | जन्म मितिः- | दस्तखतः-.......................... |
| **ठेगानाः-** | | लिङ्गः- | |
| नागरिकता नं. र जारी मितिः- | नागरिकता जारी भएको जिल्ला | जग्गाधनी सङ्केत नं.ः-<br>मोबाईल नम्बरः.............. | दायाँ / बायाँ |
| पति/पत्नीको नामः-<br>ससुराको नामः- | बाबुको नामः-<br>आमाको नामः- | बाजेकोनामः-<br>बजैको नामः- | |

<u>अंश छोडपत्रबाट अंशप्राप्त गर्ने अंशियारको नाम</u>

| | | | |
|---|---|---|---|
| नाम, थर (देवनागरिकमा):- | नाम,थर(अङ्ग्रेजीमा):- | जन्म मितिः- | दस्तखतः-.......................... |
| **ठेगानाः-** | | लिङ्गः- | |
| नागरिकता नं. र जारी मितिः- | नागरिकता जारी भएको जिल्ला | जग्गाधनी सङ्केत नं.:-<br>मोबाईल नम्बरः.............. | दायाँ \| बायाँ |
| पति/पत्नीको नामः-<br><br>ससुराको नामः- | बाबुको नामः-<br>आमाको नामः- | बाजेकोनामः-<br>बजैको नामः- | |

<u>अंश छोडपत्रबाट अंशप्राप्त गर्ने अंशियारको नाम</u>

| | | | |
|---|---|---|---|
| नाम, थर (देवनागरिकमा):- | नाम,थर(अङ्ग्रेजीमा):- | जन्म मितिः- | दस्तखतः-.......................... |
| **ठेगानाः-** | | लिङ्गः- | |
| नागरिकता नं. र जारी मितिः- | नागरिकता जारी भएको जिल्ला | जग्गाधनी सङ्केत नं.:-<br>मोबाईल नम्बरः.............. | दायाँ \| बायाँ |
| पति/पत्नीको नामः-<br><br>ससुराको नामः- | बाबुको नामः-<br>आमाको नामः- | बाजेकोनामः-<br>बजैको नामः- | |

अंशछोडपत्र हुने जग्गा/घर जग्गाको विवरण

क.अंशछोडपत्र दिनेकफो अंश भागमा परेको अचल सम्पत्तीको विवरण ।

| क.स. | वडा नं. | गाउँ/टोल | कित्ता नम्बर | | जग्गाको क्षेत्रफल | | कित्ताकाट भए | | चार किल्लाको विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हालको कित्ता नम्बर | साविक कित्ता नम्बर | बि.क.धु. | बर्ग मि. | तर्फ | साविक क्षेत्रफल | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

संलग्न प्रमाणहरु

१. चालु .............आ.व. को भोगाधिकार शुल्क तिरेको रसिदको प्रतिलिपी थान,
२. भोगाधिकार निस्साको प्रतिलिपी,
३. वडाले दिएको अंशछोडपत्रको सिफारिस पत्र,
४. अंशियार सवैको नगरिकताको प्रतिलिपि

आज्ञाले,
राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत